नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

पत्र संख्याः ०७६/७७
तथ्यांक विश्लेषण तथा प्रकाशन शाखा
चलानी नं. ८३
मितिः २०७७।०३।०८

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु सबै ।

यस कार्यलयमा मिति २०७७।३। र ४ मा श्रीमान् महालेखा नियन्त्रकज्यूको उपस्थितिमा मन्त्रालय तथा संवैधानिक निकायहरुका आर्थिक प्रशासन शाखा प्रमुखज्यूहरुको बैठकमा भएको छलफल पश्चात गरिएका निर्णयहरुको प्रतिलिपी यसैसाथ संलग्न छ।संलग्न निर्णयहरु मध्ये निर्णय नं १ सम्बन्धमा सम्बन्धित कार्यालयहरुसँग समन्वय गरी कार्यन्वयन गर्नु / गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

गोपी चन्द्र भण्डारी
उप-महालेखा नियन्त्रक

नेपाल सरकार

**मिति २०७७ असाढ ३ र ४ महालेखा नियन्त्रक कार्यालयमा मन्त्रालय र संवैधानिक निकायमा कार्यरत लेखा प्रमुखहरुको बैठकबाट भएको निर्णयहरु:**

१. मन्त्रालय र अन्तर्गत सोझै भुक्तानी र वस्तुगत सहायता तर्फ चालु आर्थक बर्षको जेठ सम्मको खर्च २०७७ असाढ १० भित्र एकल खाता कोष प्रणालीमा प्रविष्ट गराईसक्ने र २०७७ असाढ महिनामा भएको खर्च २०७७ आसाढ ३२ गते भित्र प्रविष्ट हुने ब्यवस्था गर्ने ।

२. सोधभर्ना हुनेगरी भएको खर्च रकमको यथासिघ्र सोधभर्ना प्राप्त गर्ने ब्यवस्था गर्ने । सोधभर्ना माग गरेको withdrawal application को एक प्रति म ले नि का मा पठाउने ब्यवस्था गर्ने ।

३. सोधभर्ना रकमको हिसाब म.ले.नि.का.मा रहेको अभिलेखसंग भिडानगरी अध्यावधिक गर्ने ।

४. बन्द आयोजनाहरुको सोधभर्ना बाँकी रकम यसै आ व भित्र फरफारक गरिसक्ने ।

५. म ले नि का ले हिसाब भिडान तालिका २०७७ अषाढ भित्र सबै मन्त्रालय , संवैधानिक निकाय र को ले नि काहरुमा पठाउने, तालिका बमोजिम आ.व. ०७६।०७७ को NPSAS अनुकुलको केन्द्रिय वित्तीय प्रतिवेदन २०७७ असोज १५ गते भित्र म.ले.नि.का.मा पेश गर्ने ।

६. मन्त्रालय र अन्तर्गतका निकायहरुको रकमान्तर , बजेट थपघट र स्रोतान्तरका कारोबारहरु फरक पारी विगतमा बार्षिक प्रतिवेदनहरु प्राप्त हुने गरेको हुँदा यस्ता गल्तिहरु नदोहरिने गरी शुद्ध र विश्वसनीय वित्तीय प्रतिवेदन तयार हुने ब्यवस्था गर्ने ।

७. गत विगतका बर्षहरुमा धरौटी खाता र कार्यसंचालन कोषको हिसाबमा बैंक अनुसार बाँकी र स्रेस्ता अनुसार बाँकी बीच देखिएको फरक रकम पत्ता लगाउने कार्यमा मन्त्रालयका तर्फबाट सहयोग गर्ने ।

८. सम्पत्ति तथा दायित्वको एकिकृत विवरण भाद्र मसान्त भित्र म ले नि का मा पठाउने ब्यवस्था गर्ने ।

महालेखा नियन्त्रक

Scanned with CamScanner